# मिति २०७८ वैशाख १८ गतेको थाहा नगरपालिका कोभिड रोकथाम तथा नियन्त्रण सचिवालयको निर्णय:

१. थाहा नगरपालिकाले संचालनमा ल्याएको बज्रवाराहीको 'थाहा विकास सामुदायिक भवन'को कोभिड-१९ का संक्रमित राख्ने आइसोलेशनलाई थप व्यवस्थित गर्ने र उक्त आइसोलेशनमा मेडिकल अधिकृतको नेतृत्वमा स्वास्थ्य टोली व्यवस्थापन गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यलाई थप व्यवस्थित बनाउने निर्णय गरियो ।

२. पालुङ प्राथमिक स्वास्थ्य केन्द्र रहेको ५ (पाँच) शैय्याको कोभिड-१९ अस्थायी अस्पतालको सेवालाई बज्रवाराहीको 'थाहा विकास सामुदायिक भवन'मा संचालित आइसोलेशनपछिको **आइकेयर युनिट**को रुपमा प्रयोगमा ल्याउन थप आवश्यक व्यवस्थापकीय जिम्मेवारी स्वास्थ्य शाखालाई दिने निर्णय गरियो ।

३. थाहानगरमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने अत्ति आवश्यकीय स्वास्थ्य सामाग्री **अक्सिजन सिलिण्डर** र तिनको अवस्थालाई (भरिएको, खाली भएको) अद्यावधिक गर्न र सम्बन्धीत स्थानमा समन्वय गर्न स्वास्थ्य शाखालाई जिम्मेवार दिने निर्णय गरियो ।

४. थाहा नगरपालिका क्षेत्रमा विभिन्न महिला समूहहरु गठन तथा परिचालन गरी सहकारी तथा वित्तिय संस्थाले लघुवित्त कार्यक्रम संचालन गरिरहेकोमा समुदायस्तरमा हुने उक्त समूहहरुको भेला गर्न स्थगित गर्ने निर्णय गरियो । यसको जानकारी गराउन सहकारी तथा वित्तिय संस्थालाई नगरपालिकाको तर्फबाट निर्देशन गर्ने निर्णय गरियो ।

५. थाहा नगरपालिका क्षेत्रका मुख्य बजार क्षेत्रमा मास्क विना हिँडडुल गर्न रोक लगाउने निर्णय गरियो । मास्क नलगाउनेहरुलाई निर्णय कार्यान्वयनका लागि इलाका प्रहरी कार्यालय पालुङको प्रतिनीधिसहित रहने गरी पालुङ जेसीजले **'तपाईको मास्क खोई ?'** सचेतना अभियान संचालन गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

६. थाहा नगरपालिकामा क्रियाशील राजनीतिक दलहरुलाई नगर, वडा तथा तल्लो तहसम्म ( संगठन संरचना) सम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

७. थाहा नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाको कार्यक्षेत्रमा रहेका महिला स्वास्थ्य स्वयंसेविका र आमा समूहका सदस्यहरुलाई परिचालन गरी छरछिमेकमा कोभिड-१९ संग मिल्दोजुल्दो लक्ष्ण कुनै व्यक्तिमा देखिए उक्त सूचना थाहा नगरपालिकाको विपद् व्यवस्थापनको हटलाईन नम्बरमा सम्पर्क गरी सूचना दिन अनुरोध गर्ने निर्णय गरियो ।

८. थाहानगरमा संचालन रहेका औषधि पसलहरुबाट पनि कोभिड-१९ संक्रमितको सूचना संकलन तथा कन्ट्याक ट्रेसिङको कार्यमा सहयोग पुग्ने भएकोले औषधि पसल संचालकहरुको बैठक यहि मिति २०७८ वैशाख १९ गते मध्यान्ह १२ बजे थाहा नगरपालिकामा बस्ने निर्णय गरियो ।

नेपाल सरकार
थाहा नगरपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल